" कला संस्कृतियुक्त स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

# टोखा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०८०/८१
चलानी नं :- ४२५४

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

## टोखा नगरपालिका भित्र संचालित सबै सहकारी संस्थाहरुको सम्पूर्ण ऋणी सदस्यहरुलाई संस्थाबाट लिएको ऋण तिर्ने सम्वन्धी सूचना।

मितिः २०८० चैत्र १३ गते (११४४ चिल्ल गा १ मंगलबार)

सहकारी संस्थाहरुबाट ऋण लिएका ऋणीहरुले तोकिएको समय भित्र ऋणको साँवा तथा व्याज चुक्ता नगर्दा केही संस्थाहरुमा तरलताको समस्या भई सदस्यहरुको वचत फिर्ता गर्न नसकेको समेत पाईएकोले टोखा नगरपालिका भित्र संचालित सबै सहकारी संस्थाहरुको ऋणी सदस्यज्यूहरुले आफुले प्राप्त गरेको ऋणको सावाँ व्याज तोकिएको भाका र किस्ता बमोजिम संस्थामा नियमित भुक्तानी गर्नु हुन अनुरोध छ। अन्यथा टोखा नगरपालिका सहकारी ऐन २०७५ को दफा ६२ र ६४ वमोजिम ऋणी सदस्यहरुको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा विक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सकिने व्यवस्था समेत रहेको हुँदा प्रचलित सहकारी ऐन, नियमावली, निर्देशिका एवं मापदण्डको वर्खिलाप नहुने गरी जुन सम्झौता वा शर्त बमोजिम ऋण लिएको हो सोही बमोजिम ऋणको साँवा व्याज सम्बन्धित सहकारी संस्थामा समयमा नै भुक्तान गरी सहकारीमा देखिएको समस्यालाई समाधान गर्न सहयोग गरिदिनु सम्पूर्ण ऋणी सदस्यहरुमा अनुरोधका साथ यो सूचना जारी गरिएको छ।

..............
कमला कार्की
सहकारी अधिकृत